मिति २०७४/०३/०२ मा बसेको आ.व. ०७३/०७४ को १६ औं सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | सबै तहको आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाउन आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न महालेखा नियन्त्रकको संयोजकत्वमा सहसचिव-प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका, सहसचिव - अर्थ मन्त्रालय, सहसचिव - सार्वजनिक खरिद अनुगमन कार्यालय, सहसचिव-महालेखा परीक्षकको कार्यालय र सदस्य सचिव- सहमहालेखा नियन्त्रक रहने गरी समिति गठन गर्ने र उक्त समितिले ४५ दिन भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने। | महालेखा नियन्त्रकको कार्यालय | - | महालेखा परीक्षकको कार्यालय | ४५ दिन भित्र |
| २. | नेपाल सरकारको सचिव पदमा बढुवा गर्दा र विभागीय प्रमुख पदमा र एक अर्ब भन्दा बढि लागतको आयोजना प्रमुख सिफारिश/पदस्थापन गर्दा महालेखा परीक्षकको कार्यालयबाट वित्तीय जवाफदेहिताको स्तर मापन प्राप्त गरी सो समेतको आधारमा गर्ने व्यवस्था मिलाउने। | सबै मन्त्रालय/निकाय | महालेखा परीक्षकको कार्यालय | - | आ.व. ०७४/०७५देखि |
| ३. | वित्तीय उत्तरदायित्व सम्बन्धी कानून निर्माण गरी वित्तीय जवाफदेहितालाई सुदृढ गर्ने। | अर्थ मन्त्रालय | विषयगत मन्त्रालयहरु | महालेखा परीक्षकको कार्यालय | यथाशिघ्र |

मुख्य सचिव